नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२] काठमाडौं, श्रावण ३० गते २०२६ साल [संख्या १८

श्री ५ को सरकार

खाद्य तथा कृषि मन्त्रालयको

सूचना

जग्गा प्राप्ति ऐन २०१८ को दफा ७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मत्स्य विभाग अन्तर्गत मत्स्य प्रजनन तथा बितरण केन्द्र खोल्ने कामको लागि सगरमाथा अञ्चल सप्तरी जिल्ला भरूवा खाल गा.पं.व.डा.नं. २।३ को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानि बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व चन्द्र नहर, पश्चिम जंगलको बासको झ्याङ, उत्तर फत्तेपुरतर्फको सिमलको रूख, दक्षिण जंगल जाने बाटो यति ४ किल्लाभित्रको हाल कि.नं. ६,७,८,९,१०,११, १२,५८,५९,६०,६१,६२,६३, ६४, ६५, ६६, ६७, ६८, ६९, ७०, ७१, ७२, ७३,७४, ७५, ७६, १२६,१२७,१२९,१३०,१३१,१३२,१३३,१३४,१३५,१३६, १३७, १३८, १३९, १४०, १४१, १४२,१४३,१४४,१४५,१४६,२१९,२२०,२२१,२२२, २२३, २२४, २२५, २२६, २२७, २२८, २२९,२३०, र २३१ को मालपोत रू ८९७। (आठसय सन्तानब्बे रूपैयाँ) लाग्ने जम्मा जग्गा बिगहा २२ कट्ठा १९ धुर ८ (बाइसबिगहा उन्नाइसकट्ठा आठधुर) को किल्ला एक –१

आज्ञाले–
सुरेन्द्रराज शर्मा
श्री ५ को सरकारको सचिव

२६८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।